नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

संख्या : २०७६/७७
चलानी नं:

सिंहदरबार, काठमाण्डौ

मिति: २०७७/०२/०६

आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने म्याद थप सम्बन्धी सूचना ।

यस मन्त्रालयले शितल आवास निर्माणको सम्भाव्यता अध्ययन सम्बन्धमा छोटो सुचिमा परेका प्रस्तावदाताबाट प्रस्ताव माग गरी मिति २०७७/०१/३० को सूचना बमोजिम प्रस्ताव दर्ता गर्ने म्याद सात दिन थप गरिएको थियो । यसबीचमा नेपाल सरकारबाट लकडाउनको समय थप भएको र आवतजावतमा समस्या भएकाले प्रस्ताव पेश गर्ने सम्बन्धमा तपशिल बमोजिम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

तपशिल:

१. आर्थिक र प्राविधीक प्रस्ताव बुझाउने म्याद २०७७/०२/१५ गते दिनको २.०० बजेसम्म कायम हुने गरी थप गर्ने ।
२. लकडाउनका कारण आवतजावतका लागि असहजता भएकाले मन्त्रालयले सवारी व्यवस्था तथा पायक पर्ने रुट निर्धारण गरी प्रस्ताव लिइदिने व्यवस्था गर्ने । यसका लागि प्रस्तावदाताले २०७७/०२/१३ गतेसम्म मन्त्रालयलाई जानकारी गराईसक्नुपर्ने ।
३. प्रस्ताव तयार गर्दा प्रस्तावका भित्री पानामा Scanned Signature तथा आधिकारिक छाप भएकोलाई पनि मान्यता दिने ।

(हेमनाथ काफ्ले)
शाखा अधिकृत